आज मिति २०७९ साल माघ २९ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद कोइराला ज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा आ.व २०७९/८० को एघारौं बैठक सम्पन्न गरियो ।

तपशिल

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद कोइराला | नगर प्रमुख | |
| २ | भवानी के.सी | उप प्रमुख | |
| ३ | कर्न बहादुर गुरुङ | अध्यक्ष वडा नं १ | |
| ४ | नविन कुमार श्रेष्ठ | अध्यक्ष वडा नं २ | |
| ५ | अमृत न्यौपाने | अध्यक्ष वडा नं ३ | |
| ६ | कृष्ण प्रसाद अधिकारी | अध्यक्ष वडा नं ४ | |
| ७ | श्रीकाजी गुरुङ | अध्यक्ष वडा नं ५ | |
| ८ | दिनेश बाबु कोइराला | अध्यक्ष वडा नं ६ | |
| ९ | जय राम रेग्मी | अध्यक्ष वडा नं ७ | |
| १० | विजेन्द्र थापा | अध्यक्ष वडा नं ८ | |
| ११ | मनराज गुरुङ | अध्यक्ष वडा नं ९ | |
| १२ | दिपक राज ढकाल | अध्यक्ष वडा नं १० | |
| १३ | ओम बहादुर दुरा | अध्यक्ष वडा नं ११ | |
| १४ | राधा मल्ल | कार्यपालिका सदस्य | |
| १५ | इन्दु अधिकारी | कार्यपालिका सदस्य | |
| १६ | भगवती देवी वि.क | कार्यपालिका सदस्य | |
| १७ | राधिका अधिकारी (भट्टराई) | कार्यपालिका सदस्य | |
| १८ | सुकमाया गुरुङ | कार्यपालिका सदस्य | |
| १९ | कृष्ण बहादुर दुरा | कार्यपालिका सदस्य | |
| २० | राजेन्द्र वि.क | कार्यपालिका सदस्य | |
| २१ | विल बहादुर घर्ती | कार्यपालिका सदस्य | |
| २२ | दिबाकर पौडेल | सदस्य सचिव | |

अन्य उपस्थिति:

| | | | |
|---|---|---|---|
| १ | विवेक कुमार पण्डित | प्रशासन शाखा प्रमुख | |
| २ | [illegible] राज पौडेल | योजना/शाखा प्रमुख | |
| ३ | सुजन मिश्रा | सूचना प्रविधि अधिकृत | |

## नगर-कार्यपालिकाको मिति २०७९/१०/२९ गते बसेको आ.व २०७९/८० को एघारौं बैठकका निर्णयहरु :

**निर्णय नं १**

सुन्दरबजार नगरकार्यपालिकाको मिति २०७९/०९/२४ गते बसेको आ.व २०७९/८० को दशौ बैठकको निर्णयहरुको समीक्षा गरियो । उक्त बैठकमा ३० वटा निर्णयहरु भएकोमा सबै निर्णयहरु कार्यान्वयनमा रहेको पाईयो ।

**निर्णय नं. २**

नगर-कार्यपालिकाको मिति २०७९/०९/२४ गते बसेको आ.व २०७९/८० को दशौ बैठकको निर्णयहरु नं ५ अनुसार सडक बोर्ड नेपाल,मिनभवन,काठमाण्डौको च.नं ६८५ मिति २०७९।०९।१३ गतेको पत्र अनुसार आ.व २०७९/८० को लागि रु ४९,००,०००। वजेट विनियोजन भई आएकोमा नगरपालिकाको तर्फबाट व्यहोर्नुपर्ने कुल लागतको ३० प्रतिशत रकमले हुन आउने रकम रु २१,००,०००। अन्य अनुदानबाट संचालित योजनामा साझेदारी शीर्षकबाट विनियोजन गरी रु ७०,००,०००। बाट सु.न.पा ९ सिँउडीबार-सु.न.पा ६ सालिमच्याङ खोला-क्याम्पस गेट-तल्लो बजार-सैनिक टोल हुँदै भानु नगरपालिका, तनहुँ जोड्ने सडक मर्मत तथा स्तरोन्नती गर्ने निर्णय भएकोमा प्राविधिक लागत इस्टमेट अनुसार रु ८९,३०,३३६। (अक्षरेपी उनानब्बे लाख तीस हजार तीन सय छत्तिस मात्र) लाग्ने देखिएकोले नपुग रकम रु १९,३०,३३६। (उन्नाइस लाख तीस हजार तीन सय छत्तिस मात्र ) आ.व. २०८०/८१ मा बजेट विनियोजन गर्ने र सहमती तथा रकम निकासाको लागि सडक बोर्ड नेपाल,मिनभवन,काठमाण्डौलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

नगरपालिकामा चमेना गृह सहितको कार्यालय भवन निर्माणका लीग चा.लु.आ.व २०७९/८० मा रु ७५,००,०००। (अक्षरेपी पचहत्तर लाख मात्र ) विनियोजन भएकोमा प्राविधिक लागत इस्टमेट अनुसार सो भवन निर्माणको लागि रु १,३६,५९,५८४। (अक्षरेपी एक करोड छत्तिस लाख उनानसाठी हजार पाँच सय चौरासी मात्र) लाग्ने देखिएकोले बहुवर्षिय योजनामा समावेश गरी टेण्डर प्रक्रिया अघि बढाउने र नपुग रकम आ.व. २०८०/८१ मा बजेट विनियोजन गरी भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

सुन्दरबजार नगरपालिकाको गुरु योजना निर्माणका लागि कार्य जिम्मेवारी (TOR) तयार गरी गुरुयोजना निर्माणका लागि सम्भव भए सम्म आवेदन दिने परामर्शदाता संघ, संस्था वा कम्पनीमा कम्तिमा एक जना व्यक्ति राष्ट्रिय योजना आयोगमा रही काम गरेको अनुभव भएको हुनुपर्ने शर्त राखी टेण्डर प्रक्रिया अमाडी बढाउने र आ.व २०७९/८० मा रु १५,००,०००। (अक्षरेपी पन्ध्र लाख मात्र) वजेट विनियोजन भएकोमा वजेट अपुग भएमा आ.व २०८०/८१ मा वजेट विनियोजन गरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय प्रमाणित
२०७९।१०।२९
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ५**

नगर कार्यपालिकाको मिति २०७९/०९/२४ गते बसेको आ.व. २०७९/८० को दशौ बैठकको निर्णय नं २७ मा ल्याण्ड फिल्ड साईट पूर्वाधार विकास र सडक निर्माण शीर्षकमा प्रदेश सरकारबाट विनियोजन भएको रु ४०,००,०००। बाट ल्याण्ड फिल्ड साईटमा अति आवश्यक निर्माण कार्य गर्ने र ल्याण्ड फिल्ड साईट जाने सडक मध्यपहाडी लोकमार्ग सुरु बिन्दु मानी आवश्यक सडक कालोपत्रे/ढलान तथा स्तरोन्ती गर्ने निर्णय भई लागत इस्टमेट गर्दा रु ४६,०३,५५१। (अक्षरेपी छयालीस लाख तीन हजार पाँच सय एकाउन्न मात्र) लाग्ने देखिएकोले अपुग हुन आउने रकम नगरपालिकाले व्यहोर्ने गरी टेण्डर प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ६**

यस नगरपालिकाको जग्गा वर्गीकरणको टेण्डर प्रक्रिया अगाडी बढाउने र आ.व २०७९/८० मा रु १५,००,०००। (अक्षरेपी पन्ध्र लाख मात्र) वजेट विनियोजन भएकोमा वजेट अपुग भएमा आ.व २०८०/८१ मा वजेट विनियोजन गरी भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

मेयर उद्यमशीलता विकास कार्यक्रम सम्बन्धमा : सामाजिक सांस्कृतिक रुपमा उत्पीडनमा परेका दलित समुदाय, महिला, जनजाति, वैदेशिक रोजगारीवाट फर्किएका युवा, आर्थिक हिसाबले विपन्न, गरिव, किसान, मजदुर, अपांग, सीमान्तकृत लोपोउन्मुख समुदाय, तथा वेरोजगार नगरवासीहरु वीच उद्यमशीलताको विकास एवं प्रवर्द्धन गर्न, स्वरोजगारी सिर्जना गर्न, निर्वाहमुखी परम्परागत कृषिलाई औद्योगिक एवं व्यावसायिक कृषिमा रूपान्तरण गर्न, व्यावसायिक पशुपन्छी पालनको विकास र प्रवर्द्धन गर्न, पर्यटन व्यवसायको विकास र प्रवर्द्धन गर्न, वन पैदावारमा आधारित उद्यम व्यवसाय लगायतका नगरपालिका क्षेत्र भित्र संभाव्य देखिएका उद्यम व्यवसायमा आकर्षित गरी लघु, घरेलु, साना एवं मझौला उद्योगको थप विकास र प्रवर्द्धन गर्न पालिकावासीहरुलाई अवाश्यक सहयोग गरी व्यवसायीक एवं उद्यमी बनाउन, विभिन्न प्रकारका स्वरोजगारमूलक तालिमहरु मार्फत सीपयुक्त आवश्यक दक्ष जनशक्तिको विकास गर्न एवं उद्यमशिलता विकासका लागि नगरवासीहरुलाई व्यवस्थित तथा योजनावद्ध ढंगले दीर्घकालिन सोंचका आधारमा उत्पादन तथा उत्पादकत्व वृद्धि अभियानमा परिचालन गरी पालिकामा समाजवाद उन्मुख अर्थतन्त्रको विकास र विस्तारका लागि आधार निर्माण गर्न उल्लिखित लक्षित समूहमा सहुलियतपूर्ण कर्जा लगानी गरी उद्यमशीलता विकास कार्यक्रम संचालन गर्ने मेयर उद्यमशीलता विकास कार्यक्रम लागु गर्ने ।

मेयर उद्यशीलता विकास कार्यक्रम संचालनका लागि एक उद्यमशीलता विकास कोष विउ पूँजीका रुपमा निर्माण गर्ने र उक्त विउँ पूँजीको आधारमा 'क' वर्गको राष्ट्रिय स्तरको कुनै एक सरकारी वाणिज्य वैकसँग संझौता गरी मेयर उद्यमशीलता विकास कार्यक्रम संचालन गर्ने ।

मेयर उद्यमशीलता विकास कार्यक्रम संचालन गर्न आवश्यक परामर्श सेवा, कानुनी प्रक्रिया, तथा तालिम लगायतका कार्यहरु संचालन गरी मेयर उद्यमशीलता विकास कार्यक्रम कार्यान्वयन गर्ने । र उक्त कार्यका लागि चा.लु आ.व २०७९/८० मा रु ३,००,०००। (अक्षरेपी तीन लाख मात्र) बजेट विनियोजन भएकोमा अन्य आवश्यक रकम गै.स.स तथा संघ संस्था सँग साझेदारी शिर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

सु.न.पा वडा नं ८ को च.नं ३७८ मिति २०७९/१०/१२ गतेको निवेदन अनुसार सु.न.पा ८ बगैंचामा रहेको तरकारी संकलन केन्द्र भवनको खाली रहेको भागमा कोठा निकाल्न र उक्त भाडा रकम नगरपालिकाको राजस्वमा दाखिला हुने गरी कोठा निर्माणको लागि प्राविधिक लागत इस्टमेट अनुसार रु ३,३५,५२८। (अक्षरेपी तीन लाख पैतीस हजार पाँच सय अठ्ठाईस मात्र) विविध पूँजीगत शीर्षकबाट रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

गण्डकी प्रदेश सरकारको आं.व.०७९।०८० को वार्षिक कार्यक्रम अन्तर्गत विशेष अनुदान मार्फत संचालन हुने योजना **"बजारकोट खानेपानी आयोजना सुन्दरबजार"** शिर्षकमा रु ४०,००,०००। (अक्षरेपी चालीस लाख मात्र) विनियोजन भएकोमा टेण्डर प्रक्रियाद्धारा सो योजना अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. १०**

चा.लु आ.व २०७९/८० मा उपभोक्ता समितिबाट संचालित योजनाहरुको कार्यसम्पन्न म्याद समाप्त भएकोले सो योजनाहरुको म्याद चैत्र मसान्त सम्म थप गन निर्णय गरियो ।

**निर्णय नं. ११**

आ.व २०७९/८० को वार्षिक कार्यक्रममा सु.न.पा ९ स्थित भुजेल समाज भवन निर्माण शिर्षकमा रकम विनियोजन भएकोमा शिर्षक संसोधन गरी भुजेल समाज भवनमा शौचालय निर्माण कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

सुन्दरबजार नगरपालिकामा रहेका सहकारी संस्था अनुगमन तथा निरीक्षण सम्बन्धी निर्देशिका, २०७९ उपर छलफल गरियो । प्रस्तुत निर्देशिका उपर थप अध्ययन गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

यस नगरपालिकामा आर्थिक सहायताको लागि परेका निवेदन उपर छलफल गर्दा तपशिल अनुसार संघ, संस्था तथा व्यक्तिहरुलाई आर्थिक सहायता शीर्षकबाट रकम भुक्तानी दिने निर्णय गरियो ।

तपशिल

| सि.नं | वडा नं | विवरण | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | ७ | अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन | १,००,०००। | लमजुङ कृषि क्याम्पसमा रहेको मदन आश्रित पार्क संरक्षण |
| २ | ३ | दुराडाँडा र चन्द्रेश्वर एकिकृत खानेपानी तथा सरसफाई उपभोक्ता समिति | १,४०,०००। | लिफ्टीङ खानेपानी विद्युत महसुल |

निर्णय प्रमाणित
२०८०/१०/२३
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ३ | ५ | वडा नं ५ कम्प्युटर खरिद | ३४,०००। | कम्प्युटर खरिद नपुग रकम |
| ४ | ९ | वडा नं ९ मा खानेपानी जडान | २३,०३५। | |
| ५ | ४ | दुर्गा परियार दर्जी | २०,०००। | आर्थिक रुपमा अति विपन्न |

**र्णय नं. १४**

यस नगरपालिकाका तपशिल अनुसार संरचना निर्माणको लागि विविध पूँजीगत शीर्षकबाट निम्न बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो ।

तपशिल

| सि.नं | वडा नं | विवरण | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | ६ | दुरा सेवा समाज | २,००,०००। | कम्पाउण्ड तथा गेट निर्माण |
| २ | २ | भगेरेस्थान मन्दिर | २,५०,०००। | ट्रस निर्माण |

**निर्णय नं. १५**

नेपाल सरकार शहरी विकास मन्त्रालय स्थानीय पूर्वाधार विभागको च.नं २३० मिति २०७९/१०/१६ गतेको पत्र अनुसार नेपाल सरकारको पन्ध्रौ योजनाले आधारभूत सेवामा पहुँच पुऱ्याउने उद्धेश्यले आधा घण्टाको फेरोमा ल्याउने लक्ष्य अन्तर्गत झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमलाई उच्च प्राथमिकतामा राखी आगामी तीन वर्ष भित्र आवश्यक सबै झोलुङ्गे पुल निर्माण सम्पन्न गरी आधारभूत पहुँचमा सुनिश्चतता गर्न तीनै तहको सरकारको समन्वय तथा सहकार्यमा वजेट व्यवस्थापन र निर्माण कार्य अगाडी बढाउनको लागि स्थानीय तहरुमा आवश्यक झोलुङ्गे पुलहरुको विवरण माग भई आएकोमा तपशिल अनुसार झोलुङ्गे पुल निर्माणको लागि स्थानीय पूर्वाधार विभागमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

...वाकर पौडेल
...सकीय अधिकृत

स्थानीय तहको नाम : सुन्दरबजार नगरपालिका
प्रदेश : गण्डकी प्रदेश

| सि. नं | वडा नं | प्रस्तावित झो.पु को नाम | झो.पु भाहिने स्थानको नाम | | नदी/ खोलाको नाम | नदी/खालाको चौडाई (मि.) | चाहिने झो.पु.को अनुमानित लम्बाई ( मि.) | वर्ष भरिमा तर्न नसकिने समय (महिनामा) | झो.पु.बाट लाभान्वित जनसंख्या | | प्रस्तावित झो.पु र हाल भएको झो.पु./सडक पुलको दुरी (घण्टामा) | | झो.पुबाट पहुँच हुने सेवाको प्रकार (बजार, स्कुल,स्वास्थ्य केन्द्र, अन्य) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दाँया किनारा तर्फ | बाँया किनारा तर्फ | | | | | दाँया किनारा तर्फ | बाँया किनारा तर्फ | झो.पु | सडक पुल | |
| १ | ४ | हुलाकी मार्ग पाँउदी खोला झो.पु | कुन्छा | दुराडाँडा | पाउँदी खोला | २० | १०० | ५ | ५०० | ५०० | ३० मि | नभएको | हुलाक, विद्यालय, कृषि वन, बजार |
| २ | १ | सु.न.पा १ र सु.न.पा ३ जोड्ने पाउँदी खोला झो.पु | सु.न.पा १ | सु.न.पा ३ | पाउँदी खोला | २० | ५० | ४ | ४०० | ३०० | नभएको | नभएको | श्री शान्ति मावि कुन्छा |
| ३ | २ | पाउँदी खोला झो.पु | मनकामना टोल ,सु.न.पा २ | ठाँटि चौर, सु.न.पा ६ | पाउँदी खोला | ५० | २५० | ७ | ५०० | १००० | २५ मि | ४५ मि | माथिका सबै |
| ४ | २ | देवीस्थान मन्दिरबाट सु.न.पा ४ जोड्ने झो पु | सु.न.पा २ | सु.न.पा ४ | पाउँदी खोला | ५० | ५० | ५ | ४०० | ५०० | ३० मि | ३० मि | स्वास्थ्य केन्द्र |
| ५ | ३ | पिरिन्ती बेशी लामिखेत झो पु | लामिखेत | पिरिन्ती बेशी | खहरे खोला | १० | २० | ३ | ५०० | २०० | नभएको | ३० मि | शहरी स्वास्थ्य केन्द्र, विद्यालय |
| ६ | ५ | खहरे खोला झो.पु | ज्यामिरे | खहरे खोला | खहरे खोला | ८० | १०० | ४ | २०० | १७० | नभएको | नभएको | माथिका सबै |
| ७ | ५ | ग्याम्दी खोला झो.पु | आलेफाँट | मैदाने टोल | ग्याम्दी खोला | १०० | १२० | ४ | २५० | ३०० | नभएको | नभएको | माथिका सबै |
| ८ | ७ | मर्स्याङ्दी नदी पाखाटार खण्ड झो.पु | पाखाटार | माझीगाउँ, राइनास न.पा | मर्स्याङ्दी नदि | १०० | १०० | १२ | ५००० | ५००० | १ | १ | माथिका सबै |
| ९ | १० | गैरी खोरिया पधेरी पारी झो पु | गैरी खोरिया | पधेरे पारि | पाउँदी खोला | ५० | १०० | ० | ५०० | २०० | २ | | कोइरलाफाट बजार |
| १० | १० | कोइरलाफ़ाट झो पु | कोइरलाफ़ाट | कोइरलाफ़ाट | पाउँदी खोला | ५० | १०० | ६ | ५०० | ५०० | २ | | कोइरलाफाट बजार |
| ११ | १० | सुघुरे बतासे झो पु | सुघुरे | बतासे | पाउँदी खोला | १०० | १०० | ६ | ५०० | ५०० | २ | | सितलबजार |

प्रमुख